# रेडियो प्रसार सेवा विकास समिति
# (रेडियो नेपाल)

# निवृत्तभरण (पेन्सन) कोष स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि–२०८१

रेडियो प्रसार सेवा विकास समिति
(रेडियो नेपाल)

# विषय सूचि

| | | |
|---|---|---|
| १. | प्रस्तावना | १ |
| २. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |
| ३ | निवृत्तभरण (पेन्सन) कोषको स्थापना तथा प्रयोग | २ |
| ४. | निवृत्तभरण (पेन्सन) कोषको सञ्चालन | २ |
| ५. | लेखा तथा लेखा परिक्षण | २ |
| ६. | भुक्तानी सम्बन्धी व्यवस्था | २ |
| ७. | निवृत्तभरण (पेन्सन) भुक्तानी खाता सम्बन्धी व्यवस्था | ३ |
| ८. | हकवालाको नाममा निवृत्तभरण (पेन्सन) भुक्तानी सम्बन्धी अन्य व्यवस्था | ५ |
| ९. | सम्झौता सम्बन्धी व्यवस्था | ५ |
| १०. | निवृत्तभरण (पेन्सन) को रकम पठाउने सम्बन्धी व्यवस्था | ५ |
| ११. | अभिलेख तथा सोधभर्ना | ६ |
| १२. | निवृत्तभरण (पेन्सन) कोषको अनुगमन तथा रेखदेख सञ्चालन सम्बन्धी व्यवस्था | ६ |
| १३. | व्याख्या | ७ |
| **अनुसुचि १:** | निवृत्तभरण (पेन्सन) माग फारम | ८ |
| **अनुसुचि २:** | निवृत्तभरण (पेन्सन) अधिकार पत्र | ९ |
| **अनुसुचि ३:** | निवृत्तभरण (पेन्सन) को खाता खोल्ने अनुरोध पत्र | १० |
| **अनुसुचि ४:** | निवृत्तभरण (पेन्सन) बैङ्क परिवर्तनको बैङ्क अनुरोध पत्र | ११ |
| **अनुसुचि ५:** | हिसाब मिलान गरिएको बैङ्कलाई अनुरोध पत्र | १२ |
| **अनुसुचि ६:** | निवृत्तभरण (पेन्सन) भुक्तानी खाता रोक्का राख्ने अनुरोध पत्र | १३ |
| **अनुसुचि ७:** | निवृत्तभरण (पेन्सन) माग फारम | १४ |
| **अनुसुचि ८:** | निवृत्तभरण (पेन्सन) भुक्तानी खाता बन्द गर्ने बैङ्क अनुरोध पत्र | १५ |
| **अनुसुचि ९ :** | पारिवारिक निवृत्तभरण (पेन्सन) खाता खोल्ने अनुरोध पत्र | १६ |
| **अनुसुचि १०:** | मासिक रुपमा बैङ्कले पठाउने विवरण | १७ |
| **अनुसुचि ११:** | निवृत्तभरकको व्यक्तिगत विवरण फारम | १८ |
| **अनुसुचि १२:** | निवृत्तभरण (पेन्सन) रकम गणना भौचर | २० |

# रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)
# निवृत्तभरण (पेन्सन) कोष स्थापना तथा सञ्चालन सम्बन्धि कार्यविधि-२०८१

**प्रस्तावनाः-** रेडियो प्रसार सेवा विकास समितिको सेवाबाट अवकास हुने कर्मचारीहरुलाई निवृत्तभरण रकम उपलब्ध गराउने कार्यलाई सञ्चालन तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ को नियम १६७ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) निवृत्तभरण (पेन्सन) कोष स्थापना तथा सञ्चालन सम्बन्धि कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "रेडियो नेपाल" भन्नाले रेडियो प्रसार सेवा विकास समिति सम्झनु पर्छ ।

(ख) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त गरेको बैंक मध्ये निवृत्तभरण भुक्तानी दिन समितिबाट अनुमति पाएको बैंक सम्झनु पर्छ ।

(ग) "निवृत्तभरक" भन्नाले रेडियो प्रसार सेवा विकास समितिबाट निवृत्तभरण, पारिवारिक निवृत्तभरण, अशक्त वृत्ति, अङ्गभङ्ग भए वा चोटपटक लागे बापत पाउने सुविधा, असाधारण पारिवारिक उपदान, शैक्षिक तथा सन्तती वृत्ति, उपचार खर्च वा उपदान पाउने कर्मचारी सम्झनु पर्छ र सो शब्दले रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ अनुसार निवृत्तभरण पाउने अन्य व्यक्ति समेतलाई जनाउँछ ।

(घ) "निवृत्तभरण रकम" भन्नाले निवृत्तभरकले समितिको कानून बमोजिम मासिक रुपमा पाउने निवृत्तभरणको रकम सम्झनु पर्छ र सो शब्दले निवृत्तभरणमा भएको बृद्धि समेतलाई जनाउँछ ।

(ङ) "निवृत्तभरण भुक्तानी खाता" भन्नाले निवृत्तभरण प्रयोजनको लागि बैंकले निवृत्तभरकको नाममा खोलिएको वचत खाता सम्झनु पर्छ ।

(च) "निवृत्तभरण कोष" भन्नाले दफा ३ बमोजिम स्थापना हुने कोषलाई जनाउँछ ।

(छ) "सञ्चालक समिति" भन्नाले रेडियो प्रसार सेवा विकास समितिको सञ्चालक समितिलाई जनाउँदछ ।

(ज) "कार्यकारी निर्देशक" भन्नाले रेडियो नेपालको कार्यकारी निर्देशकलाई जनाउँदछ ।

(झ) "नियमावली" भन्नाले रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ सम्झनुपर्छ ।

३. **निवृत्तभरण (पेन्सन) कोषको स्थापना तथा प्रयोग:** (१) रेडियो नेपालको सेवाबाट निवृत्त कर्मचारीलाई निवृत्तभरण (पेन्सन) रकम उपलब्ध गराउने प्रयोजनको लागि रेडियो नेपालमा एक निवृत्तभरण (पेन्सन) कोष रहनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहायबमोजिमको रकम रहनेछ:

(क) समितिको चलअचल सम्पत्ति विक्रि वितरणबाट कोषलाई प्राप्त रकम,

(ख) नेपाल सरकारबाट निवृत्तभरण प्रयोजनका लागि प्राप्त हुन सक्ने रकम,

(ग) समितिको वार्षिक स्वीकृत बजेटले निवृत्तभरणका लागि विनियोजन गरेको रकम।

(घ) कोषको लगानी मार्फत प्राप्त मुद्धती खाताबाट उपलब्ध हुने ब्याज रकम।

(ङ) रेडियो नेपालले यो कार्यविधि लागू हुन पूर्व यसका लागि छुट्टयाएको रकम।

(च) रेडियो नेपालको आफ्नै बार्षिक आम्दानीको १० प्रतिशतले हुने रकम।

(३) उपदफा (१) बमोजिम स्थापना हुने पेन्सन कोषमा योगदानमा आधारित निवृत्तभरण पाउने गरी नियुक्त हुने कर्मचारीको लागि रकम जम्मा गरिने छैन।

(४) उपदफा (१) बमोजिमको निवृत्तभरण कोषको रकम निवृत्तभरण भुक्तानी प्रयोजनमा खर्च गरिनेछ।

४. **निवृत्तभरण कोषको सञ्चालन:** (१) निवृत्तभरण कोषको रकम रेडियो नेपालले तोकेको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(२) रेडियो नेपालको कार्यकारी निर्देशक वा निजले तोकेको कम्तिमा अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन महाशाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट खाताको सञ्चालन हुनेछ।

५. **लेखा तथा लेखापरिक्षण (१)** :निवृत्तभरण (पेन्सन) कोषको लेखा नेपाल सरकारको लेखाप्रणाली बमोजिम राखिनेछ।

(२) कोषको आन्तरिक लेखा परिक्षण रेडियो नेपालको आन्तरिक लेखा परिक्षण शाखा र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ।

६. **भुक्तानी सम्बन्धि व्यवस्था:**(१) यस कार्यविधि बमोजिम निवृत्तभरण (पेन्सन) कोषबाट भुक्तानी प्राप्त गर्न योग्य व्यक्तिले भुक्तानीको लागि रेडियो नेपाल र यस अन्तर्गतका तोकिएका कार्यालयमा देहायका कागजात संलग्न गरी अनुसूचि १ बमोजिमको निवेदन दिनुपर्नेछ।

क. निवृत्तभरकको परिचयपत्रको प्रतिलिपि।

ख. निवृत्तभरकको पासपोर्ट साइजको फोटो २ प्रति।

ग. शेषपछि पाउने हकदारसँगको नाता प्रमाणित कागजातको प्रमाणित प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति।

घ. रेडियो नेपालले तोकेका अन्य कागजात।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि प्राप्त निवेदनको जाँचबुझ गरि निवृत्तभरण सम्बन्धी कागजात तयार गर्ने, पट्टा जारी गर्ने, तलब, ग्रेड आदिको अभिलेख राख्ने कार्य रेडियो नेपालको आर्थिक प्रशासन महाशाखासँग समन्वय गरी प्रशासन महाशाखा अन्तर्गतको अभिलेख शाखाले गर्नेछ ।

(३) रेडियो नेपालले निवृत्तभरण प्रदान गर्ने निर्णय गरेपछि अनुसूची- २ बमोजिमको ढाँचामा निवृत्तभरण (पेन्सन) अधिकारपत्र सम्बन्धित व्यक्तिलाई प्रदान गर्नेछ ।

(४) निवृत्तभरण (पेन्सन) प्राप्त गर्ने व्यक्तिलाई बैंकले उपलब्ध गराएको निवृत्तभरण बापतको रकमको सोधभर्ना आर्थिक महाशाखाले गर्नेछ ।

७. **निवृत्तभरण (पेन्सन) भुक्तानी खाता सम्बन्धि व्यवस्थाः** (१) निवृत्तभरण (पेन्सन) रकम भुक्तानीका लागि रेडियो नेपाल वा रेडियो नेपालले तोकेको कार्यालयले निवृत्तभरकको नाममा शून्य मौज्दातमा निवृत्तिभरण भुक्तानी खाता खोल्न अनुसूचि- ३ वमोजिमको ढाँचामा पत्र बैंकमा लेखि पठाउनु पर्नेछ ।

(२) निवृत्तभरण (पेन्सन) भुक्तानी खाता निवृत्तभरक व्यक्ति सम्बन्धीत बैक शाखामा उपस्थित भएको ६ महिना अवधिको लागि सक्रिय हुनेछ । पुनः सक्रिय गराउन निवृत्तभरक आफै बैंकमा उपस्थित हुनुपर्नेछ । निवृत्तभरक वैकमा उपस्थित भएको प्रमाणको रुपमा निजको औठाछाप र हस्ताक्षर सहितको निवेदन लिइ बैकबाट निवृत्तभरण अधिकारपत्रमा समेत प्रमाणित भएको हुनुपर्नेछ ।

(३) यो कार्यविधि लागू हुनु अघि निवृत्तिभरण (पेन्सन) लिइरहेका निवृत्तिभरकले निवृत्तिभरण लिनको लागि उपदफा (१) वमोजिम निवृत्तभरण भुक्तानी खाता खोली रेडियो नेपाल वा रेडियो नेपालले तोकेको कार्यालयमा निवेदन दिई तोकिएको बैंकबाट निवृत्तभरण लिनु पर्नेछ ।

(४) निवृत्तभरकले रेडियो नेपाल वा रेडियो नेपालले तोकेको कार्यालयमा निवृत्तभरण भुक्तानी खाता नखोलेको भए खोल्न वा बैंकमा रहेको अन्य प्रकृतिको खातालाई निवृत्तिभरण भुक्तानी खातामा रुपान्तरण गरि सोको जानकारी रेडियो नेपाललाई समेत गराउनुपर्नेछ ।

(५) एक ठाँउबाट निवृत्तभरण (पेन्सन) भुक्तानी खाता खोलिएको निवृत्तिभरकले अर्को ठाँउमा खाता खोल्न वा स्थानान्तरण गर्न निवेदन दिएमा रेडियो नेपालको आर्थिक महाशाखाले आवश्यक जाँचवुझ गरी सम्बन्धित बैंकलाई अनुसूचि-४ वमोजिमको ढाँचामा लेखी पठाउन पर्नेछ । त्यसरी खाता खोलिएमा अघिल्लो खाता बन्द गर्नुपर्नेछ ।

(६) निवृत्तभरकको मृत्यु भई पारिवारिक निवृत्तिभरण अधिकारपत्र बनेमा समितिको अनुरोध पत्रको आधारमा बैंकले कानुनी हकवालाको नाममा नयाँ पारिवारिक निवृत्तिभरण भुक्तानी खाता खोली निवृत्तिभरकको नाममा रहेको निवृत्तिभरण भुक्तानी खाता बन्द गरिदिनु पर्नेछ । निवृत्तिभरकको खातामा रहेको रकमको हिसाव मिलान रेडियो नेपालले बैंकलाई दिएको आदेश अनुसार हुनेछ । निवृत्तिभरकको मृत्यु भएमा कानुनी हकवालाले पैतिस दिन भित्र समितिमा जानकारी गराउनु पर्नेछ । साथै पारिवारिक निवृत्तिभरण पाईरहेको व्यक्तिको मृत्यु भएमा पनि निजको नजिकको हकदारले पैतिस दिन भित्र समितिमा जानकारी गराउनु पर्नेछ ।

(७) एउटै निवृत्तभरण लिने व्यक्तिको एक भन्दा बढी निवृत्तिभरण अधिकार पत्र (जस्तै आजिवन पारिवारिक र असाधारण पारिवारिक) बनेको भएमा पनि एउटै मात्र निवृत्तभरण भुक्तानी खाता खोली निवृत्तभरण भुक्तानी गरिनेछ ।

(८) बैंकले रकम जम्मा गर्दा वा अन्य कुनै पनि कारणले निवृत्तभरण भुक्तानी खातामा निवृत्तभरकले पाउने रकम भन्दा बढी रकम जम्मा हुन गएमा त्यसरी बढी जम्मा भएको रकम निवृत्तभरकको निवृत्तिभरण भुक्तानी खातामा भएको मौज्दात रकमले पुग्ने भए सोही रकमबाट र नपुग्ने भए निजले नियमानुसार त्यसपछि पाउने निवृत्तिभरण रकमबाट तत्काल असुल उपर गरिनेछ । खातामा मौज्दात पनि नभएको र निवृत्तभरकको मृत्यु भैसकेको रहेछ र निजले भुक्तानी लिन बाँकी निवृत्तभरण पनि रहेनछ भने त्यस्तो अवस्थामा निजको हकवालाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(९) निवृत्तभरकको मृत्यु भई वा निवृत्तिभरण पाउने अवधि समाप्त भई निवृत्तिभरण अधिकार पत्र तामेली गर्नु पर्ने भएमा निवृत्तिभरण भुक्तानी खातामा रहेको रकम हकवालालाई भुक्तानी दिन वा समायोजन गर्ने गरी समितिले बैंकलाई आदेश दिन सक्नेछ ।

(१०) पाँच वर्ष सम्म पनि कुनै निवृत्तभरक बैंकमा सम्पर्क राख्न नआएमा निजको निवृत्तभरण भुक्तानी खातामा रहेको रकम बैंकलाई सोधभर्ना दिँदा समायोजन गरिनेछ । समायोजन गरिसकेपछि सो व्यक्ति उपस्थित भएमा समितिले एकमुष्ट रकम हिसाब गरी सम्बन्धित निवृत्तभरकको खातामा जम्मा गरी दिन बैंकलाई अनुसुचि-५ वमोजिमको ढाँचामा आदेश जारी गर्नेछ ।

(११) निवृत्तभरकको निवृत्तिभरण भुक्तानी खातामा रहेको रकम रोक्का राख्न वा रोक्का फुकुवा गर्न वा निवृत्तभरण कोषमा फिर्ता वा समायोजन गर्नको लागि कार्यकारी निर्देशकको आदेश आवश्यक पर्नेछ । निवृत्तिभरण भुक्तानी खाता रोक्का गर्ने बैंक अनुरोध पत्र अनुसूचि- ६ वमोजिमको ढाँचामा लेखि पठाउनु पर्नेछ ।

(१२) निवृत्तभरण भुक्तानी खातामा रहेको मौज्दात रकममा बैंकले साधारण बचत खाताका निक्षेपकर्ताले प्राप्त गरे सरहको ब्याज दर वा सो भन्दा बढी उपलब्ध गराउनु पर्नेछ ।

(१३) निवृत्तभरण पाउने व्यक्ति ज्यादै वृद्ध तथा अशक्तताको कारण प्रत्येक महिनामा आफै बैंकमा उपस्थित भई निवृत्तभरण भुक्तानी खाता सुचारु गराउन असमर्थ भएको अवस्थामा अधिकारपत्रमा इच्छाइएको व्यक्ति वा एकाघरको सदस्यलाई निवृत्तभरकले सम्बन्धित स्थानिय तह र मान्यताप्राप्त चिकित्सकको सिफारिस सहित मन्जुरीनामा दिई पठाएको अवस्थामा बैंकले निवृत्तिभरण भुक्तानी खाता थप ६ महिना अवधिको लागि सुचारु गरी दिन सक्नेछ ।

८. **हकवालाको नाममा निवृत्तभरण (पेन्सन) भुक्तानी सम्बन्धी अन्य व्यवस्था:** (१) निवृत्तभरक कर्मचारीको मृत्यु भएमा निजको नजिकको हकवालाले आफनो नाममा निवृत्तभरण अधिकारपत्र बनाउन रेडियो नेपाल समक्ष अनुसूचि- ७ वमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

२) उपदफा (१) वमोजिम निवेदन परेमा रेडियो नेपालले आवश्यक जाँचबुझ गरि निवृत्तभरण अधिकारपत्र प्रदान गर्नेछ र मृतक निवृत्तभरकको नामको खाता अनुसूचि- ८ वमोजिमको ढाँचाको पत्रबाट वन्द गरी त्यस्तो व्यक्तिको नाममा निवृत्तिभरण भुक्तानी खाता खोल्न अनुसूचि- ९ वमोजिमको ढाँचामा सम्बन्धित बैकमा लेखी पठाउनु पर्नेछ।

९. **सम्झौता सम्बन्धि व्यवस्था:** निवृत्तभरकलाई निवृत्तभरण **(पेन्सन)** को रकम उपलब्ध गराउने काममा समन्वय र सहकार्य गर्न रेडियो नेपाल र सम्बन्धित बैकले देहायका शर्त तथा विवरणहरु खुलाई सम्झौता गर्नु पर्नेछ ।

(क) शुन्य मौज्दातमा निवृत्तभरकको नाममा बैंक खाता खोल्ने,
(ख) निवृत्तभरकलाई मासिक रुपमा निजले पाउने निवृत्तिभरण (पेन्सन) रकम भुक्तानी गर्ने,
(ग) निवृत्तभरकको बैंक खाताको विवरण रेडियो नेपाललाई उपलब्ध गराउने,
(घ) निवृत्तभरकलाई उपलब्ध गराएको निवृत्तिभरकको बैंक स्टेटमेण्ट समितिलाई उपलब्ध गराउने
(ङ) निवृत्तभरकको मृत्यु भएमा हकवालको नाममा निवृत्तिभरण भुक्तानी खाताखोल्ने,
(च) निवृत्तभरण (पेन्सन) खाता निष्कृय भएपछि त्यसको जानकारी समितिलाई दिने,
(छ) निवृत्तभरकको नाममा बैंकमा रहेको रकम तीन वर्षसम्म निजले भुक्तानी नलिएमा वा कुनै कारणले खातामा रहन गएमा समितिलाई फिर्ता गराउने,
(ज) निवृत्तभरण (पेन्सन) भुक्तानी खाता संचालन गरे वापत समितिबाट लिनुपर्ने भए सेवा शुल्क लिने,
(झ) निवृत्तभरण (पेन्सन) भुक्तानी खातामा निवृत्तिभरकले अन्य रकम जम्मा गर्न नपाउने,
(ट) निवृत्तभरण (पेन्सन) भुक्तानी खातामा रहेको रकमको ब्याज उपलब्ध गराउनु पर्ने ,
(ठ) निवृत्तभरकलाई चेक वा ATM जस्ता विद्युतिय प्रविधिबाट निवृत्तिभरण वापतको रकम भुक्तानी गर्ने।
(ड) निवृत्तभरण (पेन्सन) भुक्तानी सम्बन्धी अन्य आवश्यक विषय।

१०. **निवृत्तभरण (पेन्सन) को रकम पठाउने सम्बन्धी व्यवस्था:** रेडियो नेपालले निवृत्तभरकलाई निवृत्तभरण (पेन्सन) को रकम बैंकमा पठाउने सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) रेडियो नेपालको आर्थिक प्रशासन महाशाखाले निवृत्तभरकले पाउने रकम प्रत्येक महिनाको पहिलो हप्ताभित्र सम्बन्धित बैंकमा जम्मा हुने व्यवस्था गर्नु पर्नेछ,तर

कुनै जिल्लामा तोकिएको बैंकको शाखा कार्यालय नभएमा निवृत्तभरकको नाममा रहेको अन्य वैकमा खाता मार्फत भुक्तानी गर्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिम भुक्तानी भएको रकमको विवरण बैंकले मासिक रुपमा अनुसूचि-१० वमोजिमको ढाँचामा रेडियो नेपाललाई उपलब्ध गराउनेछ ।

(ग) प्रत्येक महिनाको पहिलो हप्ताभित्र वैकले सम्वन्धीत निवृत्तभरकको निवृत्तभरण (पेन्सन) भुक्तानी खातामा अघिल्लो महिनाको निवृत्तभरण वापतको तोकिएको रकम जम्मा गरी दिनु पर्नेछ ।

**११.अभिलेख तथा सोध भर्नाः** (१)वैकवाट प्राप्त विवरणको आधारमा रेडियो नेपालको आर्थिक महाशाखाले निवृत्तभरकको केन्द्रीय अभिलेख राखि साको अद्यावधिक गर्नेछ ।

(२) निवृत्तभरकको निवृत्तभरण भुक्तानी खातामा जम्मा गरिएको रकम वैकले Soft copy र Printed copy सहित रेडियो नेपालमा सोधभर्ना माग गरी पठाउनु पर्नेछ ।

(३) रेडियो नेपालले वैकवाट सोधभर्ना माग भएको रकम कार्यालयमा रहेको निवृत्तभरकको व्यक्तिगत अभिलेखसंग भिडान गरी सोधभर्ना माग भएको १५ दिन भित्र सोधभर्ना उपलब्ध गराउनु पर्नेछ ।

(४) रेडियो नेपालले निवृत्तिभरण कोषबाट वैकलाई आवश्यकता र औचित्यको आधारमा पेश्कीको रुपमा समेत रकम उपलब्ध गराउन सक्नेछ । त्यसरी पेश्की फछ्यौट नभएरम्म पुनः पेश्की वा सोधभर्ना दिइने छैन ।

(५) शैक्षिक र सन्तति बृत्ति पाउनेहरुका लागि निवृत्तभरण भुक्तानी खाता खोलिने छैन । शैक्षिक र सन्तति वृत्तिको रकम भुक्तानि लिन अधिकारपत्र सहित समितिमा सम्वन्धित व्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ ।

(६) निवृत्तभरकको व्यक्तिगत विवरण फाराम अनुसूचि- ११ बमोजिमको ढाँचामा रेडियो नेपालको कर्मचारी प्रशासन महाशाखाले अनिवार्य रूपमा भरेर आर्थिक प्रशासन महाशाखामा पठाउनु पर्नेछ ।

(७) निवृत्तभरण (पेन्सन) रकम गणना रेडियो नेपालको आर्थिक प्रशासन महाशाखाले अनुसूचि- १२ बमोजिमको ढाँचाको भौचरमा गर्नुपर्ने छ ।

**१२. निवृत्तभरण (पेन्सन) कोषको अनुगमन तथा रेखदेख सञ्चालन सम्बन्धी व्यवस्थाः** निवृत्तभरण (पेन्सन) कोष अनुगमन तथा सञ्चालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) कोषको सञ्चालन सम्बन्धमा रेडियो प्रसार सेवा विकास समितिका कार्यकारी निर्देशक वा निजले तोकेको अधिकारीबाट समय समयमा अनुगमन तथा अन्य रेखदेख हुनेछ ।

(ख) कोषको सञ्चालन तथा व्यवस्थापन आवश्यक सहयोग पुऱ्याउनु र अनुगमनबाट प्राप्त सुझावको कार्यान्वयन गर्नु रेडियो नेपालको सबै पदाधिकारीको कर्तव्य हुनेछ ।

(ग) कोषको सञ्चालन सम्बन्धमा सञ्चालक समितिले समय समयमा अनुगमन र मुल्याङ्कन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(घ) निवृत्तिभरकले रेडियो नेपालको छविमा आँच आउने काम गरेमा वा द्विविधा हुने कार्य गरेमा वा सामाजिक सञ्जाल लगायतका डिजिटल प्लेटफर्म मार्फत आफूखुशी कपोलकल्पित, भ्रामक विषयहरु प्रकाशन वा प्रसारण गरेमा र ती कार्यको पुष्टि भएमा निज निवृत्तभरकसंग जानकारी माग गरी सचेत गराउन सकिनेछ । सो कार्यको सञ्चालक समितिलाई जानकारी दिनु पर्नेछ । सञ्चालक समितिले सो सम्बन्धमा आवश्यक थप निर्देशन दिन सक्नेछ ।

**१३. व्याख्या:** यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कार्यविधिको आवश्यक संशोधन गर्नु परेमा सो सम्बन्धी अधिकार सञ्चालक समितिलाई हुनेछ ।

**अनुसूचि १**
**(दफा ६ को उपदफा १ सँग सम्बन्धीत)**
**निवृत्तभरण (पेन्सन) माग फाराम**

श्रीमान् कार्यकारी निर्देशक ज्यू,
रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल
सिंहदरबार, काठमाडौं ।

समितिको सेवाबाट मिति २०......।.....।..... देखि निम्न कारणबाट अवकाश प्राप्त गर्ने/गरेको हुनाले मेरा सेवा सम्बन्धी र आवश्यक विवरण देहायमा खुलाएको छु ।

अवकाश भएको कारण जनाउन यस्तो ( ✓ ) चिन्ह दिनुहुन ।

क) उमेरको हदबाट अवकाश (        )
ख) राजिनामा खाली (        )
ग) भविष्यमा समितिको नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको (    )
समितिको सेवा गरेकोले निवृत्तभरण (पेन्सन) को अधिकार पत्र तयार गरि दिन यो फाराम भरी पठाएको छु ।

फाराम भरी पठाउनेको :

१. नाम, थर : कर्मचारी संकेत नं. :

२. स्थायी ठेगाना : जिल्ला . . . . . . . . .गा.पा./न.पा./म.न.पा. . . . . . . . . . वडा नं. . . . .

३. अवकाश प्राप्त गरेको मितिमा पुरा हुने उमेर : . . . . वर्ष . . . महिना . . . दिन

४. अवकाश प्राप्त गरेको मितिको दर्जा :

५. अवकाश प्राप्त गर्दाको वहाल रहेको कार्यालय :

६. शुरु भर्ना हुंदाको कार्यालय र भर्ना मिति :

७. शेषपछि पाउने हकदारको :

क) नाम, थर :

ख) ठेगाना :

ग) सम्बन्ध (नाता खुलाउने) : . . . . . . . . . . . . . . . .

अधिकार पत्र तयार गरेपछि पठाउने ठेगाना : . . . . . . . . . . . . . . . .

निवेदकको नाम :
सहीछाप
(. . . . . . . . . .)
मिति : . . . . . . . . . .

पूनश्च : निवृत्तभरण माग फराम सँग आवश्यक पर्ने :
(क) निवृत्तभरकको पासपोर्ट साइजको फोटो २ प्रति
(ख) शेषपछि पाउने हकदार सँगको नाता प्रमाणित कागजातको प्रमाणित प्रतिलिपी र पासपोर्ट साइजको फोटो एक प्रति ।

अनुसूचि २

(दफा ६ को उपदफा ३ सँग सम्बन्धीत)

# निवृत्तभरण (पेन्सन)

# अधिकार - पत्र

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

रेडियो प्रसार सेवा विकास समिति

रेडियो नेपाल

सिंहदरवार, काठमाडौं

**अनुसूचि ३**
**(दफा ७ को उपदफा १ सँग सम्बन्धीत)**
**रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल**
**आर्थिक प्रशासन महाशाखा**

**निवृत्तभरण (पेन्सन) को खाता खोल्ने अनुरोध पत्र**

पत्र संख्याः

च.नं. :                                                  मितिः-.........................

श्री ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ...

विषयः- निवृत्तभरण (पेन्सन) भुक्तानी खाता खोलिदिने बारे ।

उपरोक्त सम्बन्धमा रे.प्र.से.वि.स.............. का .................. पदका श्री/श्रीमती/सुश्री ............... निवृत्तिभरण अधिकार पत्र नं ........... मिति................ मा अनिवार्य अवकाश/राजिनामा/निधन हुनु भएकोले निज/निजको श्री/श्रीमती/सुश्री........................को नाममा त्यस बैंकमा निवृत्तिभरण भुक्तानी खाता खोली मिति ............................. देखि...................... सम्मको हिसाव मिलान गरी एकमुष्ठ रू. .................................. अक्षरेपी रू .............................. र मिति ...................... देखि ......................... सम्म मासिक रू...........................अक्षरेपी .............................. का दरले निवृत्तिभरण भुक्तानी खातामा रकम जम्मा गरी दिनु भई खोलिएको खाताको विवरण र मासिक रूपमा खातामा जम्मा गरिएको रकमको सोधभर्नाको लागि तोकिएको ढाँचामा बैंक विवरणहरू पठाई दिनु हुन अनुरोध छ ।

.............................
महाशाखा प्रमुख

**अनुसूचि ४**

**(दफा ७ को उपदफा ५ सँग सम्बन्धीत)**

**रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल**

**आर्थिक प्रशासन महाशाखा**

**निवृत्तभरणको बैंक परिवर्तनको बैंक अनुरोध पत्र**

पत्र संख्याः

च.नं. :

मितिः-.........................

श्री ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ...

**विषयः- निवृत्तभरण (पेन्सन) को बैंक परिवर्तन बारे ।**

उपरोक्त सम्बन्धमा रे.प्र.से.वि.स.............. का .................. पदका श्री/श्रीमती/सुश्री .............. निवृत्तभरण अधिकार पत्र नं ........... मिति................ मा अनिवार्य अवकाश/राजिनामा/निधन हुनु भएकोले निज/निजको श्री/श्रीमती/सुश्री........................को पत्नी/छोरा/छोरी श्री....................... को नाममा त्यस बैंकमा निवृत्तिभरण भुक्तानी खाता खोली मिति ...........................देखि.......................सम्मको हिसाव मिलान गरी एकमुष्ठ रू. ................................. अक्षरेपी रू .............................. र मिति ...................... देखि...................... सम्म मासिक रू......................... अक्षरेपी............................. का दरले निवृत्तिभरण भुक्तानी खातामा रकम जम्मा गरी दिनु भई खोलिएको खाताको विवरण र मासिक रूपमा खातामा जम्मा गरिएको रकमको सोधभर्नाको लागि तोकिएको ढाँचामा बैंक विवरणहरू पठाई दिनु हुन अनुरोध छ ।

..........................

शाखा प्रमुख

बोधार्थः-

श्री ..................................................... : निजको बैंक परिवर्तन भएकोले निवृत्तभरण भुक्तानी खाता नं................................. बन्द गरी यस कार्यालयमा जानकारी पठाइदिनु हुन अनुरोध छ ।

**अनुसूचि ५**
**(दफा ७ को उपदफा १० सँग सम्बन्धीत)**
**रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल**
**आर्थिक प्रशासन महाशाखा**

**हिसाव मिलान गरिएको बैंकलाई अनुरोध पत्र**

पत्र संख्याः

च.नं. : मितिः-.........................

श्री ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ...

**विषयः- निवृत्तभरण (पेन्सन) को हिसाव मिलान सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा रे.प्र.से.वि.स.............. का .................. पदका श्री/श्रीमती/सुश्री ............... निवृत्तिभरण अधिकार पत्र नं ........... मिति................ मा अनिवार्य अवकाश/राजिनामा/निधन हुनु भएकोले निज/निजको श्री/श्रीमती/सुश्री........................को पत्नी/छोरा/छोरी श्री........................ नाममा त्यस बैंकमा रहेको निवृत्तिभरण भुक्तानी खाता नं................. मा मिति....................देखि........................सम्मको हिसाव मिलान गरी एकमुष्ठ रू. .................................. अक्षरेपी रू .............................. र मिति ....................... देखि...................... सम्म मासिक रू......................... अक्षरेपी.............................. का दरले निवृत्तभरण भुक्तानी खातामा रकम जम्मा गरी दिनु भई मासिक रूपमा सोधभर्नाको लागि तोकिएको ढाँचामा बैंक विवरणहरू पठाई दिनु हुन अनुरोध छ ।

..............................

महाशाखा प्रमुख

अनुसूचि ६

(दफा ७ को उपदफा ११ सँग सम्बन्धीत)

**रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल**

**आर्थिक प्रशासन महाशाखा**

**निवृत्तभरण (पेन्सन) भुक्तानी खाता रोक्का राख्ने बैंक अनुरोध पत्र**

पत्र संख्याः

च.नं. :  मितिः-........................

श्री ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ...

**विषयः- निवृत्तभरण (पेन्सन) भुक्तानी खाता रोक्का राख्ने बारे ।**

उपरोक्त सम्बन्धमा रे.प्र.से.वि.स............ का .................. पदका श्री/श्रीमती/सुश्री .............. निवृत्तिभरण अधिकार पत्र नं .......... मिति............... मा अनिवार्य अवकाश/राजिनामा/निधन हुनु भएकोले निज/निजको श्री/श्रीमती/सुश्री.......................को पत्नी/छोरा/छोरी श्री...................... को नाममा त्यस बैंकमा रहेको निवृत्तिभरण भुक्तानी खाता नं.............................रोक्का राखि यस कार्यालयमा सम्पर्क राख्न पठाई दिनु हुन अनुरोध छ ।

............................

महाशाखा प्रमुख

**अनुसूचि ७**
**(दफा ८ को उपदफा १ सँग सम्बन्धीत)**
**पारिवारिक निवृत्तभरण (पेन्सन) माग फाराम**

श्रीमान् कार्यकारी निर्देशकज्यू,
रेडियो प्रसार सेवा विकास समिति, रेडिया नेपाल
सिंहदरवार काठमाण्डौं ।

मिति २०    ।    ।    मा मृत्यु भई समितिको सेवाबाट हट्नु भएका . . . . . . . . . . . . . श्री . . . . . . . . . . . . . . . को सेवा सम्बन्धी निम्न विवरण खुलाएको छु ।

समितिको नियमावली . . . . . वमोजिम पाउने पारिवारिक निवृत्तभरणका लागि मलाई इच्छाई राखेको हुनाले मेरो नाममा अधिकार पत्र तयार गरिदिन हुन अनुरोध गर्दछु ।

क) मृतक कर्मचारीको : निवृत्तिभरण अधिकार पत्र नं. :

१. नाम,थर : संकेत नं. :

२. स्थायी ठेगाना : जिल्ला . . . . . . . . .गा.पा./न.पा./म.न.पा. . . . . . . . . . वडा नं. . . . .

३. उमेर (हालको) : . . . . वर्ष . . . महिना . . . दिन

४. दर्जा :

५. कार्यालय :

ख) शेष पछि इच्छाएको व्यक्तिको :

१) नाम, थर :

२) मृतक व्यक्तिसँग सम्बन्ध :

३) ठेगाना :

ग) समितिको अभिलेख शाखाले अधिकार पत्र तयार गरेपछि सो पठाउने

१. ठेगाना :

पारिवारिक निवृत्तभरण माग फारामसँग आवश्यक पर्ने :

क) मृतक कर्मचारीको फोटो पासपोर्ट साइजको १ प्रति

ख) शेषपछि इच्छाइएको व्यक्तिको फोटो पासपोर्ट साइजको २ प्रति

ग) मृतक कर्मचारीसँगको नाता प्रमाणित कागजातको प्रमाणित प्रतिलिपी १ प्रति

निवेदकको नाम :
सहीछाप
(. . . . . . . . . .)
मिति : . . . . . . . . . .

अनुसूचि ८
(दफा ८ को उपदफा २ सँग सम्बन्धीत)
रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल

आर्थिक प्रशासन महाशाखा

निवृत्तभरण भुक्तानी खाता बन्द गर्ने बैंक अनुरोध पत्र

पत्र संख्या:

च.नं. : मिति:-.........................

श्री ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ...

विषय:- निवृत्तभरण (पेन्सन) भुक्तानी खाता बन्द गर्ने बारे ।

उपरोक्त सम्बन्धमा रे.प्र.से.वि.स............. का .................. पदका श्री/श्रीमती/सुश्री ............... निवृत्तिभरण अधिकार पत्र नं ........... मिति................ मा अनिवार्य अवकाश/राजिनामा/निधन हुनु भएकोले निज/निजको श्री/श्रीमती/सुश्री........................को पत्नी/छोरा/छोरी श्री...................... को नाममा त्यस बैंकमा रहेको निवृत्तिभरण भुक्तानी खाता नं...............................बन्द गरी त्यस खातामा रहेको रकम सोधभर्ना माग गर्दा समायोजन गरी माग गर्नु हुन र सो को जानकारी यस कार्यालयमा पठाई दिनु हुन अनुरोध छ ।

.............................

महाशाखा प्रमुख

**अनुसूचि ९**

**(दफा ८ को उपदफा २ सँग सम्बन्धीत)**

**रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल**

**आर्थिक प्रशासन महाशाखा**

**पारिवारिक निवृत्तभरण खाता खोल्ने अनुरोध पत्र**

पत्र संख्या:

च.नं. : मितिः-........................

श्री ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ...

**विषयः- पारिवारिक निवृत्तभरण (पेन्सन) भुक्तानी खाता खोलिदिने बारे ।**

उपरोक्त सम्बन्धमा रे.प्र.से.वि.स........... का .................. पदका श्री/श्रीमती/सुश्री .............. निवृत्तभरण (पेन्सन) अधिकार पत्र नं .......... मिति............... मा अनिवार्य अवकाश/राजिनामा/निधन हुनु भएकोले निज/निजको श्री/श्रीमती/सुश्री.......................को पत्नी/छोरा/छोरी श्री...................... नाममा त्यस बैंकमा पारिवारिक निवृत्तिभरण भुक्तानी खाता खोली मिति ............................ देखि.................... सम्मको हिसाव मिलान गरी एकमुष्ठ रू. ................................ अक्षरेपी रू ............................. र मिति ...................... देखि मासिक रू........................ अक्षरेपी............................. का दरले निवृत्तिभरण भुक्तानी खातामा रकम जम्मा गरी दिनु भई खोलिएको खाताको विवरण र मासिक रूपमा खातामा जम्मा गरिएको रकमको सोधभर्नाको लागि तोकिएको ढाँचामा बैंक विवरणहरू पठाई दिनु हुन अनुरोध छ ।

............................

महाशाखा प्रमुख

# अनुसूची - १०

## (दफा १० को उपदफा ख सँच सम्बन्धित)

## मासिक रुपमा बैङ्कले पठाउने विवरण

Branch Code:

Branch Name:

Pension Type:

Year/Month:

| S. N. | Patta Number | P.P. Account Number | Pensioner's Name | Post | Transaction Date YY/MM/DD | Pension Per Month Mount (RS) | Total Deposit Month | From Date YY/MM/DD | To Date YY/MM/DD | Total Monthly Pension Amount (RS) | Additional Amount (RS) | Total Transaction Amount (RS) | Deduction Amount (RS) | Actual Deposit Amount (RS) | Account Status (R/D/O) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**अनुसूचि ११**
**(दफा ११ को उपदफा ६ सँग सम्बन्धीत)**

**रेडियो प्रसार सेवा विकास समिति**
**रेडियो नेपाल**
**निवृत्तभरकको व्यक्तिगत विवरण फाराम**

(क) यो फाराम रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल कर्मचारी प्रशासन महाशाखाले अनिवार्य रूपमा भरेर आर्थिक प्रशासन महाशाखामा पठाउनु पर्नेछ ।

(ख) यसै फाराम साथ सम्बन्धित निवृत्तभरण (पेन्सन) अधिकार पत्रको संशोधित विवरण सहितको फोटोकपी संलग्न गर्नु पर्नेछ ।

१.निवृत्तिभरकको किसिम:
२.निवृत्तिभरणको प्रकार
क.निवृत्तभरक आफै (ख) आजिवन पारिवारीक निवृत्तभरण (ग) असाधारण पारिवारीक निवृत्तभरण (घ) अशक्त वृत्ति (ङ) सात वर्षे पुरा तलब (च) सात वर्षे पारिवारीक निवृत्तभरण (छ) अदालतको आदेश (शैक्षिक र सन्तती वृत्ति

३.निवृत्तभरकको व्यक्तिगत विवरण

निवृत्तभरकको अधिकार पत्र नम्बर:

नाम थर:

हालको ठेगाना: जिल्ला गाउपालिका/न.पा. /उ.म.न.पा/ म.न.पा. वडा नं.

टेलिफोन नम्बर: घर मोवाइल नम्बर:

जन्म मिति:

निवृत्त भएको कार्यालयको नाम:

पद: श्रेणी:

निवृत्तभरण पाउने शुरू भएको मिति:

शुरू निवृत्तभरणको रकम रू. हाल भुक्तानी लिई रहेको निवृत्तिभरण रू.

अधिकारपत्र सकिएर/हराएर/च्यातिएर नयाँ जारी भएको भए सो मिति:

अधिकारपत्र सकिएर/हराएर/च्यातिएर नयाँ जारी भए पछिको निवृत्तिभरण रकम रू.

४.पारिवारिक निवृत्तभरकको विवरण (पारिवारिक बनेको भएमात्र)

निवृत्तभरकको प्रकार: (क) आजिवन (ख) पारिवारिक निवृत्तभरण (ग) असाधरण पारिवारिक निवृत्तभरण

निवृत्तभरण अधिकार पत्र नं.

नाम थर:

निवृत्तभरकसँगको सम्बन्ध: जन्म मिति:

हालको ठेगाना: जिल्ला - गाउपालिका/न.पा. /उ.म.न.पा/ म.न.पा. वडा नं.

टेलिफोन नम्बर: घर मोबाइल नम्बर:

निवृत्तभरकको मृत्यू भएको मिति:

पारिवारिक निवृत्तभरण पाउन शुरू गरेको मिति:

पारिवारिक शुरू निवृत्तभरण रकम रू.

पारिवारिक निवृत्तभरण पाउने अन्तिम मिति:

हाल भुक्तानी लिई रहेको निवृत्तिभरण रकम रू.

५.निवृत्तभरण अधिकार पत्रमा विभिन्न मितिमा भएका संशोधनहरूको विवरण:

(निवृत्तभरण अधिकार पत्रमा भएका संशोधनको सारांश उल्लेख गर्नुपर्ने)

१.

२.

६. हाल निवृत्तभरण लिई रहेको बैंकको

नाम: शाखा कोड

ठेगाना:

..........................................

प्रमाणित गर्नेको दस्तखत

## अनुसूचि १२
(दफा ११ को उपदफा ७ सँग सम्बन्धीत)

### रेडियो प्रसार सेवा विकास समिति

### रेडियो नेपाल

### आर्थिक प्रशासन महाशाखा

### निवृत्तभरण (पेन्सन) रकम गणना भौचर

मिति:

भौचर नंम्बर:

अधिकारपत्र नम्बर: खाता नम्बर

कर्मचारीको नाम:

ठेगाना:

दर्जा: श्रेणी:

अवकाश प्राप्त कार्यालय:

निवृत्तभरण पाउने शुरू मिति: शुरू मासिक निवृत्तभरण रू.

मृत्यु मिति: हालको नि.भ.रू.

अवकासको किसिम:

भुक्तानी लिने बैंक कोड र बैंक:

अन्य आवश्यक कुरा:

| वृद्धि वर्ष | सुरु नि.भ. | २०७८ | २०८० | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | २०९४ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वृद्धि रकम | | | | | | | | | | | |